# लम्कीचुहा नगरपालिका

# विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सञ्चालन मार्गदर्शन

२०७७

लम्कीचुहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | |
|---|---|
| **दस्तावेज** | : विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सञ्चालन मार्गदर्शन, २०७७ लम्कीचुहा कैलाली |
| **प्रकाशक** | : लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली |
| **प्रकाशन मिति** | : २०७७ |
| **प्राविधिक सहयोग** | : युएसएआईडी तयार नेपाल परियोजना |
| **सर्वाधिकार** | : लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली |
| **सहजीकरण** | :नीतिगत निर्माण कार्यसमुह, लम्कीचुहा नगरपालिका, कैलाली |
| संयोजक | : विन्द्रा उपाध्याय, प्रमुख, वातावरण तथा विपद व्यवस्थापन इकाई |
| सदस्य | : विष्णु खनाल, कानून व्यवसायी लम्की |
| सदस्य | : रंग प्रसाद तिमिल्सैना, नेरेसो बलिया उपशाखा |
| सदस्य | : प्रेमलाल कुश्मी, फिल्ड अधिकृत, तयार नेपाल |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# विषयसूची

प्रस्तावना ........ १

परिच्छेद - १ : प्रारम्भिक ........ १

१. संक्षिप्त नाम र प्रारम्भ : ........ १

२. परिभाषा: ........ १

३. उद्देश्य ........ ३

४. कार्यमञ्चको कार्यक्षेत्र ........ ३

परिच्छेद - २ : कार्यमञ्चको गठन र काम, कर्तव्य तथा अधिकार ........ ४

५. कार्यमञ्चको गठन : ........ ४

६. कार्यमञ्चको बैठकसम्बन्धी व्यवस्था ........ ५

७. कार्यमञ्चको काम, कर्तव्य तथा अधिकार ........ ५

परिच्छेद - ३ : सचिवालयको व्यवस्था र काम, कर्तव्य तथा अधिकार ........ ७

परिच्छेद ४ : आर्थिक व्यवस्थापन ........ ९

९. कार्यमञ्चको आर्थिक कोष : ........ ९

परिच्छेद ५ : विविध ........ १०

१०. निर्देशनको पालना गर्नुपर्ने ........ १०

११. अभिलेख राख्नुपर्ने ........ १०

१२. संशोधन गर्न सकिने ........ १०

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लम्की, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# लम्कीचुहा नगरपालिका

# विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सञ्चालन मार्गदर्शन, २०७७

**प्रस्तावना**

संयुक्त राष्ट्र संघ विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकारलाई आग्रह गरे बमोजिम नेपाल सरकार गृह मन्त्रालयले २०६९ सालमा "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च" गठन गरेको छ त्यसैका आधारमा स्थानीय तहमा पनि कार्यमञ्च गठन गर्न बान्छनीय भएकोले विपद जोखिम न्युनिकरण स्थानीय कार्यमञ्च गठन गरिएको हो । कार्यमञ्चलाई विपद् व्यवस्थापनका विभिन्न क्षेत्रमा कार्य गर्ने बहुसरोकारवाला निकाय र व्यक्तिको सहभागिता रहेको खुला मञ्चको रूपमा व्यवस्थित ढङ्गले सञ्चालन गर्न आवश्यक भएकोले लम्कीचुहा नगरपालिकामा नगर विपद् व्यवस्थापन समितिबाट **"विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७"** स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद - १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मार्गदर्शनको नाम "विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालन मार्गदर्शन, २०७७" रहेको छ ।

(२) यस मार्गदर्शन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नगर विपद् व्यवस्थापन समितिको सिफरिसमा कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

(३) विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सचिवालयको काम स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रले गर्नेछ ।

२. परिभाषा:

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-**

(क) "प्राधिकरण" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्दछ ।

(ख) "स्थानीय कार्यमञ्च" भन्नाले मार्गदर्शनको नं. ५ बमोजिम गठन भएको विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सम्झनु पर्दछ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली

CamScanner

(ग) "सरोकारवाला समूह" भन्नाले यस मार्गदर्शनको नं. ५ बमोजिम गठन भएका सरोकारवाला समूहलाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले यस मार्गदर्शनको नं. ९ बमोजिम कार्यमञ्च सञ्चालनका लागि स्थापना भएको कोष सम्झनु पर्दछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस मार्गदर्शनद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(च) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्यकारी समिति सम्झनु पर्दछ ।

(छ) "राष्ट्रिय परिषद्" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्दछ ।

(ज) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय र विपद् व्यवस्थापन हेर्ने विषयगत मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "सचिवालय" भन्नाले यस कार्यमञ्चको दैनिक कार्यसञ्चालनका लागि तोकिएको स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई सम्झनु पर्दछ ।

(ट) "सरोकारवाला निकाय" भन्नाले विपद् व्यवस्थापनका क्षेत्रमा कामकाज गर्ने, गराउने सरकारी निकाय, संघ संस्था, राष्ट्र संघीय निकाय, दातृ निकाय, गैरसरकारी संस्था, प्राज्ञिक, निजी तथा सञ्चार क्षेत्र, सामुदायिक संघ संस्था समेतलाई जनाउँछ ।

(ठ) "सञ्जाल" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहयोग पुराउन बनेका समूहलाई सम्झनु पर्दछ ।

(ड) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

(ढ) "विपद् प्रभावित" भन्नाले विपद्का कारण जीवन, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्राप्तिमा प्रतिकूल असर परी त्यसबाट प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित भएका व्यक्ति, परिवार वा समूहलाई सम्झनुपर्छ ।

(ण) "विभिन्न तह" भन्नाले विश्वव्यापी वा अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय, संघ, प्रदेश र स्थानीय तहलाई जनाउनेछ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## ३. उद्देश्य

विपद्‌बाट उत्थानशील मुलुकको विकासका लागि विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन सबै तह र तप्कामा यसको अवधारणा विस्तार गर्दै विकाससँग सम्बन्धित सबै विषयगत क्षेत्रका समस्याको सम्बोधनको लागि आवश्यक सुधारका क्षेत्र पहिचान गरी अधिवाचनका साथै सहकार्य अभिवृद्धि गरी सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्ने आधार तयार गर्नु यस कार्यमञ्चको मूल उद्देश्य रहेको छ ।

यस कार्यमञ्चका विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) विपद् जोखिम न्यूनीकरणका गतिविधिलाई सहभागितामूलक रूपमा कार्यान्वयनमा लैजान बहूसरोकारवाला निकायबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गर्नु,

(ख) जनचेतना अभिवृद्धि र अधिवाचनका माध्यमबाट विपद् जोखिम न्यूनीकरणका लागि नीति, रणनीति, योजना र कार्यक्रमको विकास र कार्यान्वयनमार्फत् समाजका सबै तह र पक्षमा सुरक्षित संस्कृतिको विकास गर्न सघाउनु,

(ग) विपद् जोखिम न्यूनीकरणका कार्यलाई स्थानीय नीति, विकाससँग सम्बन्धित विषयगत क्षेत्रका योजना र कार्यक्रमका साथै संघिय र प्रदेशको तहमा समायोजन गर्न सहजीकरण गर्नु,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानिय सरकार संचालन ऐन, विपद् जोखिम न्यूनीकरण रष्ट्रिय नीति, र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनासहितका दस्तावेजले परिकल्पना गरेको मुलुकको उत्थानशील विकासका लागि सार्वजनिक र निजी क्षेत्रबाट लगानी बढाउन सहजीकरण गर्नु,

(ङ) आपत्कालीन मानवीय सहयोग र विपद्‌पछि "पहिलेभन्दा अझ राम्रो" निर्माणको अवधारणालाई प्रभावकारी बनाउन समन्वय, सहकार्य, साझेदारी र क्षमता विकासमा सघाउनु ।

## ४. कार्यमञ्चको कार्यक्षेत्र

विपद् व्यवस्थापनका क्षेत्रमा कामकाज गर्ने, गराउने सरकारी निकाय, संघ संस्था, राष्ट्र संघीय निकाय, दातृ निकाय, गैरसरकारी संस्था, प्राज्ञिक, निजी तथा सञ्चार क्षेत्र, सामुदायिक संघ संस्थाको सहभागितामा विपद् जोखिम न्यूनीकरणका लागि समन्वय, सहकार्य, साझेदारी गर्न एक स्थानीय कार्यमञ्च भएकोले यसका कार्यक्षेत्रहरु निम्नानुसारका हुनेछन् ।

१. कार्यमञ्चले राष्ट्रिय कार्यमञ्च विपद् जोखिम न्यूनीकरण सचिवालयको विपद् जोखिम न्यूनीकरण कार्यमञ्चसम्बन्धी मार्गदर्शनलाई आधार मान्दै राजापुर नगरपालिकाको आफनो वस्तुस्थिति तथा वास्तविकतामा आधारित क्षेत्रहरुमाहरु सम्बन्धित गतिविधीहरु गर्नेछ ।

२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा समन्वय, सहकार्य, साझेदारी, अध्यन, अनुसन्धान र ज्ञान आदान प्रदान गर्ने सहज वातावरण तयार गर्दै स्वतन्त्र रूपमा सबैको साझा मञ्चको भूमिका निर्वाह गर्नेछ ।



CamScanner

## परिच्छेद - २ : कार्यमञ्चको गठन र काम, कर्तव्य तथा अधिकार

५. कार्यमञ्चको गठन :

(१) विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्च सञ्चालनका लागि देहाय बमोजिमको स्थानीय कार्यसमिति गठन हुनेछ :

| | | |
|---|---|---|
| (क) | नगरपालिका नगर प्रमुख वा प्रमुखले तोकेको व्यक्ति | अध्यक्ष |
| (ख) | नगरपालिका उपप्रमुख | सदस्य |
| (ग) | नगरपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | विपद जोखिम न्युनिकरण सम्पर्क व्यक्ति | सदस्य |
| (ङ) | नगरपालिका योजना शाखा प्रमुख | सदस्य |
| (च) | नगरपालिका भौतिक तथा पूर्वाधार शाखा प्रमुख | सदस्य |
| (छ) | नगरपालिकामा रहेका सरकारी कार्यालय प्रमुख तथा प्रतिनिधि | सदस्य |
| (ज) | दातृ निकायहरु मध्येबाट प्रतिनिधि | सदस्य |
| (झ) | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूहका प्रतिनिधि | सदस्य |
| (ञ) | राष्ट्रिय गैह्रसरकारी संस्था समूहका प्रतिनिधि | सदस्य |
| (ट) | प्राज्ञिक तथा अनुसन्धानमूलक समूहका प्रतिनिधि | सदस्य |
| (ठ) | निजी क्षेत्रका समूहका प्रतिनिधि | सदस्य |
| (ड) | सञ्चार समूहका प्रतिनिधि | सदस्य |
| (ढ) | समुदायमा आधारित संस्था वा सञ्जाल समूहका प्रतिनिधि | सदस्य |
| (ण) | नगरपालिका सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| (त) | विपद् व्यवस्थापनका क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्ति मध्येबाट अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र कम्तीमा २ जना महिला सहित ५ जना मनोनित | सदस्य |
| (थ) | वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| (द) | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ (त) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि पदावधि सकिएका सदस्यलाई स्थानीय कार्यमञ्चले थप एक कार्यकालका लागि पुनः मनोनित गर्नसक्नेछ ।

(४) कार्यमञ्चले आवश्यकता अनुसार कुनै सरकारी अधिकारी र सरोकारवालाका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ६. कार्यमञ्चको बैठकसम्बन्धी व्यवस्था

(१) कार्यमञ्चको बैठक वर्षमा कम्तीमा पनि २ पटक बस्नेछ । आवश्यकता परेको अवस्थामा जुनसुकै समयमा पनि बैठक बस्नसक्नेछ ।

(२) कार्यमञ्चको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बस्ने मिति, समय, स्थान बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा सात दिन अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ ।

तर कार्यमञ्चको बैठक तत्कालै बस्नुपर्ने अवस्था भएमा अध्यक्षको सहमतिमा कार्यमञ्चको बैठक तत्कालै पनि बोलाउन सक्नेछ ।

(३) कार्यमञ्चका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक सङ्ख्या पुगेको मानिनेछ । तर यो खुला मञ्च भएकोले बहुमत नपुगेमा पनि सहमतियुक्त निर्णय गर्न बाधा पुग्नेछैन ।

(४) कार्यमञ्चको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, तर अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले तोकेको व्यक्तिको अध्यक्षतामा बैठक बस्न बाधा पर्नेछैन ।

(५) कार्यमञ्चको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ तर मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(६) कार्यमञ्चको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गराउनु पर्नेछ ।

## ७. कार्यमञ्चको काम, कर्तव्य तथा अधिकार

विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी उपलब्धि, सिकाइ, चुनौती र आवश्यकता आपसमा आदान प्रदान गर्न आधुनिक संचार तथा प्रबिधी र भर्चूअल प्लाटफर्म समेतको अधिकतम प्रयोग गरी अनवरत संवाद तथा सहकार्य गर्ने,

(२) विपद् जोखिम न्यूनीकरणमा भएका असल अभ्यास र नीतिगत व्यवस्थालाई समुदायसम्म सम्प्रेशण गरी उत्थानशीलता अभिवृद्धि गर्न योगदान गर्ने,

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा सबै निकाय र क्षेत्रगत समूह बीच समन्वय, सहकार्य, साझेदारी, ज्ञान प्रवर्द्धन, सीप विकासका कार्यलाई समयानुकूल बनाउन सम्बन्धित निकाय र सरोकारवालालाई सुझाव दिने,

(४) विपद् जोखिमबारेको बुझाइमा एकरुपता ल्याउन जोखिम लेखाजोखा, सूचना प्रणालीको विकास र विस्तार, आपत्कालीन मानवीय सहयोगका विधि र मापदण्डबारे ज्ञान अभिवृद्धि गर्ने, गराउने,



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भड्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

(५) विपद् व्यवस्थापनको क्षेत्रमा भएका आधारभूत कार्यको तथ्याङ्क तथा सूचना व्यवस्थित गर्ने, देशको जोखिम नक्साङ्कन, विषयगत क्षेत्र अनुरुप अध्ययन तथा अनुसन्धानका ढाँचा तयार गरी सम्बन्धित निकायलाई कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(६) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कार्यगत अधिवाचन गर्ने र नीतिगत तथा कार्यगत दस्तावेजहरूको पुनरावलोकनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(७) विपद्बाट अत्याधिक प्रभावित हुने सीमान्तीकृत वर्ग, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका प्राथमिकता पहिचान गर्ने तथा समावेशी विपद् व्यवस्थापनको प्रबर्द्धन गर्न सहजीकरण गर्ने,

(८) विपद् जोखिम न्यूनीकरणलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्न विषयगत क्षेत्रमा अधिवाचन गर्ने,

(९) विपद् जोखिम व्यवस्थापनलाई सशक्त र प्रभावकारी बनाउन सार्वजनिक-निजी साझेदारीका माध्यमबाट लगानी विस्तार गर्न सघाउने,

(१०) विषयगत समूहबाट प्राप्त सुझाव र सिफारिसको गहन विश्लेषण गरी तिनको यथासम्भव सम्बोधन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने र त्यसका लागि अधिवाचन गर्ने,

(११) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र आपत्कालीन मानवीय सहयोगलाई स्थानीय प्रभावित समुदाय सम्म सुनिश्चित गर्न नीजि क्षेत्र तथा दातृ निकायको लगानीलाई प्रोत्साहन गरी सहकार्य र साझेदारी अभिवृद्धिमा सघाउने,

(१२) सरकारी निकाय, दाता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट लगानी प्रबर्द्धनका लागि सहजीकरण गर्ने,

(१३) सरकारी निकाय र गैरसरकारी क्षेत्रबाट विपद् व्यवस्थापनमा भएका राम्रा कार्यलाई विस्तार गर्न, आवश्यकता अनुरुप सुधार गर्न सल्लाह र सुझाव दिने,

(१४) नीतिगत व्यवस्थामा सुधारका क्षेत्र पहिचान गरी समयानुकूल नीतिगत तथा कानुनी व्यवस्था सुनिश्चित गर्न अधिवाचन गर्ने, स्थानीय सरकारलाई सल्लाह र सुझाव दिने,

(१५) सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय, साझेदारी र सहकार्य प्रबर्द्धन गर्न कार्यमञ्चले पुलको काम गर्ने ।

(१६) विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासको लेखाङ्कन, अभिलेखीकरण तथा प्रकाशन गर्ने र नियमीत रूपमा स्थानीय विपद् प्रतिवेदन प्रकाशन गर्न सहयोग गर्ने,

(१७) भूगोल, भूगर्भ, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन र अनुसन्धान तथा विपद्जन्य जोखिम न्यूनीकरणका क्षेत्र पहिचान गरी स्थानीय सरकार र विकास साझेदारलाई सुझाव दिने,

(१८) विपद् उत्थानशील समुदायको विकासका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी परम्परागत ज्ञान, सीप र प्रविधिको प्रबर्द्धन गर्दै आधुनिक प्रविधिको विकास र प्रविधि हस्तान्तरणमा सघाउने,

(१९) दिगो विकास लक्ष्य र सेन्डाइ कार्यढाँचालाई आधार मानी बनेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) अनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाइ कार्यान्वयनमा सहजीकरण गर्ने,

(२०) बहूसरोकारवाला समूहसँग सम्पर्क, समन्वय, छलफल र सल्लाहद्वारा सुरक्षित लम्कीचुहाको विकासका लागि विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी विपद् जोखिम न्यूनीकरण गर्न सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

(२१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा कार्यशालाको आयोजना गर्ने वा त्यसका लागि सहयोग र सहजीकरण गर्ने,

(२२) विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षेत्रीय तथा राष्ट्रिय कार्यक्रममा सबैको समानुपातिक सहभागिता गराउने र स्थानीय सरकारको प्रतिनिधिका रूपमा संहभागी हुन सबै पक्षबीच समन्वय र सहकार्य गर्ने,

(२३) विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका सन्दर्भमा समयानुकूल कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(२४) स्थानीय कार्यमञ्चले प्रदेश तथा राष्ट्रिय कार्यमञ्च संग समन्वय गर्ने र गठनको जानकारी दिने

## परिच्छेद - ३ : सचिवालयको व्यवस्था र काम, कर्तव्य तथा अधिकार

### ८. कार्यमञ्चको सचिवालय र सचिवालयको काम, कर्तव्य तथा अधिकार

(१) विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको सञ्चालनका लागि स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रले सचिवालयको काम गर्नेछ ।

(२) सचिवालयको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) नगर विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा र कार्यमञ्चबाट भएका निर्णय र निर्देशन बमोजिम कार्य गर्ने,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित बहुसरोकारका समूहलाई स्थानीय तहमा प्रवाह गर्न सहजीकरण गर्ने,

(ग) स्थानीय तहका सवाल तथा विषयलाई राष्ट्रिय तहसम्म पुऱ्याएर एकीकृत रूपमा विकासका विषयगत क्षेत्रमा समायोजन गर्दै उत्थानशीलता अभिवृद्धिका लागि सरकारी



लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

तथा गैसरकारी क्षेत्रबाट गरिने कार्यलाई प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चले गरेका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने,

(घ) नीतिगत रुपमा स्थानीय सरकारबाट प्राप्त सल्लाह बमोजिम स्थानीय कार्यमञ्चका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धमा नगर विपद् व्यवस्थापन समितिबाट प्राप्त सुझाव र सल्लाह बमोजिम स्थानीय कार्यमञ्चले गर्नुपर्ने भनिएका कार्य गर्ने,

(च) कार्यमञ्चको नियमित कार्य सम्पादनका लागि प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने,

(छ) बहुसरोकारवाला समूहहरूको नियमित बैठक गराई कार्यमञ्चबाट सम्पादन हुने कार्यलाई सहजीकरण गर्ने र त्यसका लागि आवश्यक पर्ने प्रबन्धन गर्ने,

(ज) कार्यमञ्चको वार्षिक कार्यक्रम तयार गरी बैठकमा प्रस्तुत गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सबै व्यवस्थापकीय कार्य गर्ने,

(झ) कार्यमञ्चका बहुसरोकारवाला समूह र कार्यमञ्च बीच समन्वयकारी भूमिका निर्वाह गरी सरोकारवाला समूहहरूबाट प्राप्त सुझाव र सल्लाह स्थानीय कार्यमञ्चको बैठकमा प्रस्तुत गर्ने,

(ञ) विपद् व्यवस्थापन सम्बन्धी महत्वपूर्ण दस्तावेज तथा श्रोत सामग्रीहरुलाई संसारभर उपलब्ध हुने गरी अनलाइन भण्डारणको व्यवस्था मिलाउने ।

(ट) विपद् व्यवस्थापन सम्बन्धी विभिन्न ज्ञानबर्द्धक सामग्री, असल अभ्यासहरुको प्रकाशन, प्रशारण र वितरण गर्ने,

(ठ) विपद् तथा जलवायुजन्य, जोखिम न्यूनकीकरणका लागि नगरपालिका र नगर विपद् व्यवस्थापन समितिसम्म समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ड) सचिवालयको प्रभावकारी सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी, कार्यालय र अन्य व्यवस्था मिलाउने,

(ढ) कार्यमञ्चको वार्षिक कार्यक्रम र बजेट तयार गरी नगर विपद् व्यवस्थापन समितिमा प्रस्तुत गरी बजेट व्यवस्थाका लागि पहल गर्ने,

# परिच्छेद ४ : आर्थिक व्यवस्थापन

## ९. कार्यमञ्चको आर्थिक कोष :

(१) कार्यमञ्च सञ्चालनका लागि सचिवालयको रेखदेखमा एक छुट्टै कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) विभिन्न संघसंस्था तथा व्यक्तिबाट प्राप्त अनुदान रकम ।

(ख) कुनै स्वदेशी सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम ।

(ग) कार्यमञ्चले निर्णय गरेबमोजिम कार्यक्रम सञ्चालनका लागि मानवीय सहयोगको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी वा विकास साझेदारबाट प्राप्त रकम ।

(छ) अन्य कुनै बैधानीक तवरले प्राप्त रकम ।

(३) कोषको सञ्चालन कार्यमञ्चबाट भएको निर्णय बमोजिम सचिवालयले गर्नेछ ।

(४) कोषको रकम कार्यमञ्चको उद्देश्य प्राप्तिका लागि गरिने कार्यक्रम, तोकिएका कर्मचारी र सचिवालय सञ्चालन बाहेक अन्य उद्देश्य पूर्तिका लागि प्रयोग हुनेछैन ।

(५) कोषबाट खर्च गर्दा सचिवालयको आर्थिक नियमावली अनुरुप र नियमावलीमा उल्लेख नभएको अवस्थामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) कोषको लेखापरीक्षण व्यवसायिक प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(७) सचिवालयले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षण गराई कार्यमञ्चको निर्णय बमोजिम सार्वजनिक गर्नुपर्नेछ ।



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लम्की, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

## परिच्छेद ५ : विविध

**१० निर्देशनको पालना गर्नुपर्ने**

सचिवालयले यस मार्गदर्शनमा भएका कार्य तोकिए बमोजिम र अन्य अवस्थामा नगर विपद् व्यवस्थापन समितिबाट प्राप्त मार्गनिर्देशन बमोजिम गर्नुपर्नेछ ।

**११. अभिलेख राख्नुपर्ने**

कार्यमञ्चका सम्पूर्ण निर्णय र अन्य दस्तावेजको अभिलेख स्थानीय आपतकालिन सञ्चालन केन्द्रले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

**१२. निर्देशिका जारी गर्न सक्ने**

कार्यमञ्चको कार्यसञ्चालनका लागि मार्गदर्शन बमोजिमका काम गर्न, गराउन आवश्यक निर्देशिका जारी गर्न सक्ने छ ।

**१३. संशोधन गर्न सकिने**

मार्गदर्शनमा आवश्यक संशोधन गर्नु परेमा स्थानीय कार्यमञ्चको परामर्शमा सचिवालयले कार्य गरी कार्यमञ्चको सिफारिसमा नगर विपद् व्यवस्थापन समितिबाट निर्णय गराई संशोधन गर्न सक्नेछ ।

**प्रमाणित गर्ने**
महादेव बजगाईं
नगर प्रमुख
लम्कीचुहा नगरपालिका, भल्का, कैलाली

..............समाप्त...................